**नेपाली / *NEPALI***

अर्थ र प्रशासनका उपकुलपति कार्यपदका लागि अन्तिम तीन उम्मेदवार अर्को हप्ता क्याम्पस भ्रमण गरी सार्वजनिक प्रस्तुति दिनेछन्।

उम्मेदवारहरूको नाम र आवेदन सामग्रीहरू तल लिङ्क दिइएको खोजी वेबसाईटमा वहाँहरूको भ्रमणको ४८ घण्टा अघि साझेदारी गरीनेछ। पछिको मितिमा खोजी वेबसाईटमा एक अन्लाईन उम्मेदवार प्रतिक्रिया फारम साझा गरीनेछ।

सार्वजनिक प्रस्तुतीहरू तल दिइएका समयमा *Union South* को *Marquee Theater* मा हुनेछन्:

- मङ्गलबार, अप्रिल १२, बिहान ११:३० - दिउँसो १२:३० बजेसम्म
- बिहीबार, अप्रिल १४, बिहान ११:०० - दिउँसो १२:०० बजेसम्म
- शुक्रबार, अप्रिल १५, बिहान ११:०० - दिउँसो १२:०० बजेसम्म

यदि प्रस्तुतीहरू सामान्य कार्य समयमा छन् भने, *UW–Madison* का कर्मचारीहरूले तलब पाउने अवस्थामा सुपरभाईजरको अनुमति लिएर प्रस्तुतीमा उपस्थित हुन सक्दछन्। यी प्रस्तुतीहरूमा, प्रत्येक अन्तिम उम्मेदवारले सार्वजनिक विश्वविद्यालयको व्यवस्थापनका चुनौतीहरू र अवसरहरू बारे छलफल गर्नेछन्।

अघिल्लो उपकुलपति Laurent Heller ले बाल्टिमोरको *Johns Hopkins University* मा यस्तै कार्यपदमा काम लिएर मे २०२१ मा *UW–Madison* छोडे। परिसर योजना र व्यवस्थापनका अन्तरिम संयुक्त उपकुलपति भइसकेका Rob Cramer अन्तरिम *VCFA* को रूपमा सेवा गरिरहेका छन्।

भूगोल विभागका प्राध्यापक Kris Olds को अध्यक्षतामा रहेको १७ सदस्यीय खोजी समितिलाई *Isaacson Miller* फर्मले खोजी कार्यमा सहयोग गरेको थियो।

खोजी र उम्मेदवारहरूको बारेमा थप जानकारीको लागि https://provost.wisc.edu/2022/04/05/vice-chancellor-for-finance-administration/ वेबसाईट हेर्नुहोला।